# कर्मचारी आवश्यकता सम्वन्धी सूचना

प्रथम पटक प्रकाशन मिति: २०८०/०९/२५

मष्टा गाउँपालिका, बझाङ्ग र हेफर प्रोजेक्ट नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा प्रगतिशील युवा समाज (पि.वाइ एस.) बझाङ्ग द्वारा मष्टा गाँउपालिकामा सञ्चालन हुने "**कृषि र पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशीलता विकास परियोजना**" का लागि तपशिलमा उल्लेखित पदका कर्मचारीहरुको आवश्यकता भएकाले यो सुचना प्रकाशन भएको मितिले १२ दिनभित्र दरखास्त दिनुहुन अनुरोध गरिन्छ।

**१. आवश्यकता सम्वन्धी विवरण :**

**क) पद : परियोजना संयोजक**

**पद संख्या : १ (एक) जना**

**न्युनतम योग्यता र कार्यानुभव :**

- ❖ कृषि/भेटेनरी विषयमा स्नातक तह उतिर्ण गरी कम्तीमा २ वर्ष ग्रामीण विकास, सामुदायिक विकास, बाख्रा, दुध, र तरकारीको मुल्य श्रृंखलामा काम गरेको अनुभव भएको।
- ❖ योजना तर्जुमा, बजेट व्यवस्थापन, परियोजना कार्यान्वयन, अनुगमन, मुल्याकंन तथा प्रतिवेदन लेखन सम्बन्धी ज्ञान, सीप र अनुभव भएको।
- ❖ साना किसान सवलीकरण तथा उद्यमशीलता साझेदारी कार्यक्रम सम्बन्धि ज्ञान, सीप र अनुभव भएको।
- ❖ कर्मचारी व्यवस्थापन तथा परिचालन, तालिम व्यवस्थापन र सहजिकरण सम्वन्धी ज्ञान, सीप र अनुभव भएको।
- ❖ कृषि तथा पशु वस्तुमा आधारित व्यवसाय तथा उद्यमशीलतामा महिला तथा युवाहरुको सहभागिता, सामाजिक परिचालन, कृषि तथा पशुजन्य वस्तुहरुको वजारीकरणमा विशेष दक्षता भएको।
- ❖ स्थानीय सरकार तथा अन्य सरोकारवालाहरुसंग समन्वय र सहकार्य गरी कार्य गर्न सक्ने।
- ❖ कम्प्युटर (micro-soft word, excel, power point, internet) सम्वन्धी दक्षता भएको।
- ❖ मोटरसाइकल चलाउन सक्ने र अनुमती पत्र प्राप्त भएको।
- ❖ कार्यक्रम संयोजक कम्तीमा ८० प्रतिशत समय अवधि परियोजना क्षेत्रमा बस्नुपर्नेछ।

**ख) पद : लेखा अधिकृत**

**पद संख्या : १ (एक) जना**

**न्युनतम योग्यता र कार्यानुभव :**

- ❖ वाणिज्य शास्त्रमा स्नातक तह उत्तिर्ण गरी कम्तीमा ३ वर्षको कार्यानुभव भएको।
- ❖ लेखाका आधारभुत सिद्धान्तको विषयमा दक्षता भएको।
- ❖ कम्प्युटर सम्वन्धी दक्षता भएको र लेखा सफ्टवेर सम्वन्धी ज्ञान तथा सञ्चालन अनुभव भएको।
- ❖ लेखा प्रतिवेदन तयारी, तथ्याङ्क विश्लेषण, बजेट निर्माण सम्वन्धी ज्ञान भएको।
- ❖ स्थानीय सरकारको लेखा प्रणाली, वजेट निकासा तथा फर्छ्यौट र सार्वजनिक खरिद प्रक्रिया सम्वन्धि ज्ञान तथा अनुभव भएको।
- ❖ स्थानीय सरकार तथा अन्य सरोकारवालाहरुसंग समन्वय र सहकार्य गरी कार्य गर्न सक्ने।
- ❖ मोटरसाइकल चलाउन सक्ने र अनुमती पत्र प्राप्त भएको।
- ❖ नियमित तथा आवश्यकता अनुसार परियोजना कार्यक्षेत्र भ्रमण गर्नुपर्नेछ।

**ग) पद : सामुदायीक सहजकर्ता**

**पद संख्या : ४ (चार) जना**

**न्युनतम योग्यता :**

- ❖ कृषि/भेटेरिनरी विषयमा जे.टी. वा जे.टी.ए. उतिर्ण गरी कम्तिमा २ वर्षको सामुदायिक विकास, बाख्रा, दुध, र तरकारीको मुल्य श्रृंखलाको क्षेत्रमा कार्यानुभव भएको।
- ❖ स्वावलम्वन समूह गठन तथा परिचालन सम्वन्धि अनुभव भएको।
- ❖ तालिम सहजीकरण, व्यवस्थापन तथा प्रतिवेदन लेखन सम्वन्धि ज्ञान, सीप तथा अनुभव भएको।
- ❖ महिला तथा युवा सशक्तिकरण, समुह व्यवस्थापन र सामाजिक परिचालन सम्वन्धी दक्षता भएको।
- ❖ कृषि तथा पशु उद्यमशिलता विकासको माध्यमबाट आयआर्जन गर्न समुदायलाई उत्प्रेरीत गर्न सक्ने विषेश ज्ञान भएको।
- ❖ स्थानीय सरकार तथा अन्य सरोकारवालाहरुसंग समन्वय र सहकार्य गरी कार्य गर्न सक्ने।

- ❖ कम्प्युटर सम्बन्धि आधारभूत ज्ञान भएको ।
- ❖ मष्टा गा.पा.क्षेत्रमा स्थायी बसोवास भएको ।

२. **सेवा सुविधा :** परियोजनाको नियमानुसार हुनेछ ।

३. **दरखास्त दिने अन्तीम मिति :** २०८० ।१० । ०७ गते कार्यालय समय भित्र ।

४. **परिक्षाको किसिम :** लिखित, अन्तरवार्ता र आवश्यकता अनुसार प्रयोगात्मक

५. **आवश्यक कागजातहरु :** कुन पदमा आवेदन गरेको हो सो को विवरण समेत खुल्ने गरी निवेदन, व्यक्तिगत विवरण (बायोडाटा), शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र, सम्वन्धित विषयको कार्यानुभव पत्र, पासपोर्ट साईजको फोटो र अन्य आवश्यक कागजातहरुको प्रमाणित प्रतिलिपी प्रगतिशील यूवा समाज (पि.वाइ.एस) बझाङ्गको कार्यालय जयपृथ्वी नगरपालिका १०, चैनपुर बझाङ्ग वा pysbajhang.vac@gmail.com दरखास्त बुझाउन सकिनेछ ।

***नोट : प्रारम्भीक छनौटमा परेका उम्मेद्वारहरुलाई मात्र लिखित परीक्षामा समावेश गराईनेछ । रित नपुगेका, म्याद नाघि आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन । स्थानीय, दलित, महिला तथा जनजाती लाई प्राथमिकता दिईनेछ ।***


**प्रगतिशील युवा समाज (पि.वाइ.एस.)**

**जयपृथ्वी नगरपालिका-१०, चैनपुर, बझाङ्ग**

फोन नं. ०९२-४२१३५७